नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, कार्तिक १९ गते, २०८३ साल (संख्या ४६

भाग ३

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालयको

सूचना

संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर ४७

बिरुवा स्वस्थता उपचार कक्ष (पञ्जीकरण तथा मान्यता) सम्बन्धी नियमावली, २०८३

बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ को दफा ३५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "बिरुवा स्वस्थता उपचार कक्ष (पञ्जीकरण तथा मान्यता) सम्बन्धी नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले बिरुवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ सम्झनुपर्छ।

(ख) "उपचार कक्ष" भन्नाले बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुको उपचार गर्न निजी क्षेत्रबाट स्थापना भई नियम ७ बमोजिम मान्यता प्राप्त बिरुवा स्वस्थतासम्बन्धी उपचार कक्ष सम्झनुपर्छ।

(ग) "उपचार निर्देशिका" भन्नाले ऐनको दफा ६ को उपदफा (२) को खण्ड (ख) बमोजिम सङ्गठनद्वारा स्वीकृत बिरुवा स्वस्थतासम्बन्धी उपचार निर्देशिका (प्रोटोकल) सम्झनुपर्छ।

३. **मान्यता प्राप्त गर्न पञ्जीकरण गराउनु पर्ने** : बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुको उपचार गर्न निजीस्तरमा स्थापना गरेका उपचार कक्षले मान्यता प्राप्त गर्न त्यस्तो उपचार कक्ष सङ्गठनमा पञ्जीकरण गराउनु पर्नेछ।

४. **उपचार कक्षको लागि कायम गर्नुपर्ने न्यूनतम मापदण्ड** : ऐन तथा यस नियमावलीबमोजिम संस्थाले स्थापना र सञ्चालन गरेको उपचार कक्षले यस नियमावलीबमोजिम मान्यता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाउनको लागि बिरुवा स्वस्थता उपचारसम्बन्धी कम्तीमा देहायको मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) जग्गा, भवन तथा भौतिक पूर्वाधार सम्बन्धी मापदण्ड,-

(अ) उपचार कक्षको लागि संस्थाले आफ्नै नाममा वा लिजमा लिई आवश्यक जग्गाको व्यवस्था गरेको,

(आ) उपचार कार्य सञ्चालन गर्न पर्याप्त भवन, बन्द कण्टेनर वा चेम्बरको सुविधा तथा संरचना रहेको,

(इ) उपचार हुने बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तु लोड तथा अनलोड गर्न उपयुक्त यार्डको व्यवस्था भएको,

(ई) चुहावट, रसावट वा दूषित हुनबाट रोक्न उपयुक्त अभेद्य (इम्पर्भियस) भुइँको व्यवस्था,

(उ) उपचार विधिअनुसार आवश्यक पर्ने रसायन भण्डारणका लागि उपयुक्त संरचना, प्रचलित सुरक्षा तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वातावरणीय मापदण्डअनुसार प्रयोग भइसकेका रासायनिक पदार्थ र यसका कन्टेनर सुरक्षित बिसर्जन गर्ने व्यवस्था गरेको, र

(ऊ) विकिरण उपचार विधिको हकमा सोसम्बन्धी नेपालको प्रचलित कानूनबमोजिम सुरक्षा मापदण्डको पालना हुने व्यवस्था गरेको।

(ख) मानव संसाधन सम्बन्धी मापदण्ड,-

(अ) ऐनको दफा ६ को उपदफा (२) को खण्ड (च१) बमोजिम तयार गरिएको विशेषज्ञको सूचीमा नाम समावेश भएका विशेषज्ञहरू मध्येबाट कम्तीमा एक जना उपचार विशेषज्ञ र निजले उपचार विज्ञको रूपमा उपचार कक्षमा सेवा प्रदान गर्न जनाएको प्रतिबद्धतापत्र,

(आ) उपचार कक्षले अवलम्बन गर्ने उपचार विधिअनुसार दक्षता भएको कम्तीमा एकजना प्राविधिक कर्मचारी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(अपरेटर) र निजले उपचार विज्ञको प्रत्यक्ष निगरानीमा उपचार कक्षमा सेवा प्रदान गर्न जनाएको प्रतिबद्धतापत्र, र

(इ) आवश्यक सङ्ख्यामा अन्य कर्मचारीको व्यवस्था गरेको।

(ग) बाढी, पहिरोबाट सुरक्षित रहेको तथा उचित ढल निकासको व्यवस्था भएको स्थान रहेको, र

(घ) उपचार निर्देशिका बमोजिमका उपकरण, सुरक्षा सामग्री, सहायक वस्तुहरू र अन्य आवश्यक व्यवस्था गरेको।

५. **<u>पञ्जीकरणको लागि निवेदन दिनुपर्ने</u>** : नियम ४ बमोजिमको मापदण्ड पूरा गरेका उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने संस्थाले यस नियमावलीबमोजिम उपचारको पञ्जीकरणको लागि देहायका कागजात तथा विवरण संलग्न गरी अनुसूची-१ बमोजिमको ढाँचामा सङ्गठनमा निवेदन दिनु पर्नेछ :-

(क) प्रचलित कानूनबमोजिम फर्म वा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) स्थायी लेखा नम्बर,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) नियम ४ बमोजिमको मापदण्ड पूरा गरेको पुष्टी गर्ने प्रमाण तथा कागजात, र

(घ) उपचार पूर्वाधार, उपचार विधि र उपचार क्षेत्रको विवरण।

६. <u>पञ्जीकरण गरी प्रमाणपत्र दिने</u> : (१) नियम ५ बमोजिम निवेदन प्राप्त भएमा सङ्गठनले निवेदकले निवेदनसाथ पेश गरेका कागजात तथा विवरण पूर्ण भए नभएको जाँच गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जाँच गर्दा निवेदनसाथ पेश गर्नु पर्ने कागजात तथा विवरण पेश गरेको देखिएमा सङ्गठनको प्रमुख वा निजले खटाएको अधिकृतबाट निवेदकले पञ्जीकरणको लागि निवेदन दिएको मितिले तिस दिनभित्र उपचार कक्षको स्थलगत अनुगमन तथा निरीक्षण गरी गराई नियम ४ बमोजिमको मापदण्ड पूरा गरे नगरेको विषयमा प्रतिवेदन लिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम उपचार कक्षको स्थलगत अनुगमन तथा निरीक्षण गर्दा नियम ४ बमोजिमको मापदण्ड पूरा गरेको नदेखिएमा सङ्गठनको प्रमुखले कुन मापदण्ड पूरा नभएको हो सो खुलाई त्यस्तो मापदण्ड पूरा गरेपछि पञ्जीकरणको कारबाही गर्न सकिने बेहोराको लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम उपचार कक्षको स्थलगत अनुगमन तथा निरीक्षण गर्दा नियम ४ बमोजिमको मापदण्ड पूरा गरेको देखिएमा पञ्जीकरणको लागि निवेदन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त भएको मितिले साठी दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा उपचार कक्ष पञ्जीकरण गरी निवेदकलाई सोको प्रमाणपत्र दिनु पर्नेछ।

(५) पञ्जीकरण गरिएका उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने प्रत्येक संस्थालाई सङ्गठनले नदोहोरिने गरी (यूनिक) नम्बर सहितको पञ्जीकरण नम्बर प्रदान गर्नेछ।

(६) उपनियम (४) बमोजिम पञ्जीकरण गरिएका उपचार कक्षले ऐन, प्रचलित कानून तथा सङ्गठनबाट जारी भएको उपचार निर्देशिका तथा मापदण्डको पालना गर्नु पर्नेछ।

७. **मान्यता प्रदान गर्ने** : (१) नियम ६ बमोजिम पञ्जीकरण गरिएका उपचार कक्षलाई बिरुवा स्वस्थता उपचार गर्ने उपचार कक्षको रूपमा मान्यता दिनको लागि सङ्गठनले नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ।

(२) उपनियम (१) बमोजिम सिफारिस गरिएका उपचार कक्षलाई नेपाल सरकारले मान्यता प्रदान गर्ने निर्णय गर्नेछ।

(३) उपनियम (२) बमोजिम मान्यता प्रदान गरिएको जानकारी सङ्गठनले उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने सम्बन्धित संस्थालाई दिई आफ्नो वेबसाइटमा समेत सोको अद्यावधिक सूची प्रकाशन गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम मान्यता प्रदान गरिएको उपचार कक्षबाट जारी भएका उपचार प्रमाणपत्र सङ्गठनले बिरुवा स्वस्थता प्रमाणपत्र जारी गर्ने वा बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुको उपचार गर्ने प्रयोजनको मान्य हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) ऐनको दफा १२ को उपदफा (१) वा (२) बमोजिम सङ्गठनबाट स्वस्थता प्रमाणपत्र लिनको लागि सङ्गठनमा निवेदन दिँदा उपनियम (२) बमोजिम मान्यता प्रदान गरिएको उपचार कक्षबाट जारी भएका उपचार प्रमाणपत्र पेश गर्नु पर्नेछ र त्यसरी पेश भएको प्रमाणपत्रको आधारमा सङ्गठनले बिरुवा स्वस्थता प्रमाणपत्र जारी गर्न सक्नेछ।

८. **अनुगमन तथा निरीक्षण** : (१) सङ्गठनले उपचार कक्षको अनुगमन तथा निरीक्षण गर्न गराउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा उपचार कक्षमा ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड कायम नगरिएको वा उपचार सम्बन्धी निर्देशिकाको पालना नगरेको पाइएमा सङ्गठनले कायम गर्नुपर्ने मापदण्ड कायम गर्न वा उपचार सम्बन्धी निर्देशिकाको व्यवस्था पालना गरी सोको जानकारी सङ्गठनलाई गराउन मनासिब अवधि तोकी उपचार कक्ष सञ्चालन गर्ने संस्थालाई लिखित आदेश दिनु पर्नेछ।

९. **उपचार प्रमाणपत्र जारी गर्नमा रोक लगाउने** : (१) सङ्गठनले नियम ८ को उपनियम (२) बमोजिम आदेश दिएकोमा पालना गर्नु पर्ने मापदण्ड कायम नगरिएको वा उपचार सम्बन्धी निर्देशिकाको पालना नगरिएको उपचार कक्षबाट गरिने उपचार कार्य गर्न र उपचार प्रमाणपत्र जारी गर्न रोक लगाउनेछ।

(२) उपनियम (१) बमोजिम रोक लगाएको अवधिमा उपचार कक्षले उपचार गरी उपचार प्रमाणपत्र जारी गर्न

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पाउनेछैन र त्यस्तो उपचार कक्षले प्रदान गरेको उपचारको प्रमाणपत्रलाई मान्यता दिईनेछैन।

(३) नियम ८ को उपनियम (२) बमोजिम सङ्गठनले दिएको आदेशबमोजिम ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड वा उपचार सम्बन्धी निर्देशिकाको पालना गरेको जानकारी उपचार कक्ष सञ्चालन गर्ने संस्थाले सङ्गठनलाई दिएमा सङ्गठनले सोको जाँच गरी मापदण्ड कायम गरेको वा उपचार निर्देशिकाको पालना गरेको देखिएमा उपनियम (१) बमोजिम उपचार प्रमाणपत्र जारी गर्न लगाएको रोक फुकुवा गर्नेछ।

१०. <u>पञ्जीकरणबाट हटाउन सक्ने</u> : (१) नियम ८ को उपनियम (२) बमोजिम दिएको अवधि सकिएको मितिले छ महिनासम्म पनि सङ्गठनले दिएको आदेशबमोजिम उपचार कक्षमा ऐन तथा यस नियमावली बमोजिमको मापदण्ड वा उपचार सम्बन्धी निर्देशिकाको पालना हुने व्यवस्था मिलाउन नसक्ने संस्थाको उपचार कक्षलाई सङ्गठनले पञ्जीकरणबाट हटाउने निर्णय गर्नेछ।

(२) उपनियम (१) बमोजिम पञ्जीकरणबाट हटाउने निर्णय गरेमा त्यस्तो उपचार कक्षलाई नियम ७ बमोजिम बिरुवा स्वस्थता उपचार गर्ने उपचार कक्षको रूपमा प्रदान गरिएको मान्यता रद्द गर्नका लागि सङ्गठनले नेपाल सरकारलाई सिफारिस गर्नेछ।

(३) उपनियम (२) बमोजिम सिफारिस गरिएका उपचार कक्षको मान्यता रद्द गर्ने गरी नेपाल सरकारले निर्णय गर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपनियम (१) बमोजिम पञ्जीकरणबाट हटाउने र उपनियम (३) बमोजिम मान्यता रद्द गर्ने निर्णय गरिएको उपचार कक्ष र त्यस्तो उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने सम्बन्धित संस्थाको विवरण सङ्गठनले आफ्नो वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

११. **तालिम प्रदान गर्नसक्ने** : सङ्गठनले उपचार विधिको प्रकृति अनुसार उपचार विज्ञ तथा उपचारमा संलग्न हुनुपर्ने प्राविधिक कर्मचारी (अपरेटर) को लागि आवश्यक तालिम सञ्चालन गर्न वा गराउन सक्नेछ।

१२. **अभिलेख राख्नुपर्ने** : उपचार कक्ष स्थापना र सञ्चालन गर्ने संस्थाले देहायका विषयसँग सम्बन्धित अभिलेख अद्यावधिक गरी सुरक्षित राख्नु पर्नेछ :-

(क) उपचार निर्देशिका बमोजिमका उपचार अभिलेख,

(ख) उपचार विधिसँग सम्बन्धित अभिलेख,

(ग) उपचार पूर्वाधार सम्बन्धी अभिलेख,

(घ) उपचार प्रक्रिया सम्बन्धी अभिलेख,

(ङ) अनुगमन र सुपरिवेक्षण सम्बन्धी अभिलेख।

१३. **प्रतिवेदन पेश गर्नुपर्ने** : उपचार कक्ष स्थापना र सञ्चालन गर्ने संस्थाले सङ्गठनले निर्धारण गरे बमोजिमको अवधि र ढाँचामा कम्तीमा देहायका विवरण खुलाई सङ्गठनसमक्ष उपचार सम्बन्धी कार्यको प्रतिवेदन पेश गर्नु पर्नेछ :-

(क) उपचार विधि र त्यसमा प्रयोग गर्न खरिद गरिएको रासायनिक पदार्थ,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपयोग गरिएको र मौज्दात रहेको परिमाणको विवरण,

(ख) निकासी तथा पैठारी कन्साइनमेन्टका लागि गरिएको उपचार कार्यको अभिलेख,

(ग) उपकरण तथा सुरक्षा सामग्रीको अवस्था सहितको विवरण,

(घ) उपकरण मर्मत सम्भार तथा क्यालिब्रेसनको अभिलेखको विवरण, र

(ङ) उपचार कार्यमा प्रत्यक्षरूपमा कार्यरत विज्ञ तथा प्राविधिक कर्मचारी (अपरेटर) को मेडिकल परीक्षणसम्बन्धी विवरण।

१४. **अनुसूचीमा हेरफेर गर्नसक्ने** : मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(नियम ५ सँग सम्बन्धित)

उपचार कक्ष पञ्जीकरणका लागि दिने निवेदनको ढाँचा

श्री प्रमुख,
राष्ट्रिय बिरुवा संरक्षण सङ्गठन, नेपाल।

विषयः उपचार कक्ष पञ्जीकरण गरी पाऊँ।

महोदय,

..... कानूनबमोजिम दर्ता भएको ..... (फर्म/कम्पनी/संस्थाको नाम), ले ..... (उपचारको प्रकार, जस्तैः मिथाइल ब्रोमाइड धूमीकरण, फस्फिन धूमीकरण, तापीय उपचार आदि) सेवा उपलब्ध गराउन बिरुवा स्वस्थता उपचार कक्ष (पञ्जीकरण तथा मान्यता) सम्बन्धी नियमावली, २०८३ को नियम ५ बमोजिम बिरुवा स्वस्थतासम्बन्धी उपचार सेवा प्रदान गर्ने उपचार कक्षको रूपमा पञ्जीकरण हुन चाहेकोले आवश्यक विवरण तथा कागजातहरू संलग्न गरी यो निवेदन पेश गर्दछु/गर्दछौं।

उपचार कक्षको पञ्जीकरणको लागि कानूनबमोजिम पूरा गर्नुपर्ने मापदण्ड तथा पूर्वाधार पूरा गरेको र सङ्गठनद्वारा जारी गरिएका उपचार निर्देशिका तथा मापदण्डको पालना गर्ने, उपचार कार्यमा पारदर्शिता कायम गर्ने, सुरक्षा तथा वातावरणीय मापदण्डहरू पालन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु/गर्दछौं।

१. निवेदकको विवरण:-

(क) संस्थाको नाम: .....

(ख) स्वामित्वको प्रकार (निजी लिमिटेड/साझेदारी/अन्य): .....

(ग) कम्पनी/फर्म दर्ता नम्बर: .....

(घ) प्यान/भ्याट नम्बर: .....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रधान वा मुख्य कार्यालयको ठेगाना : .....

(च) टेलिफोन : .....

(छ) मोबाइल : .....

(ज) इमेल : .....

(झ) संस्थाको मुख्य सञ्चालकको नाम : .....

(ञ) अधिकृत व्यक्तिको नाम तथा पद : .....

२. सुविधासम्बन्धी विवरण

(क) उपचार सुविधा/कक्षहरू रहेको स्थान : ..... (GPS स्थान समेत छुटै उल्लेख गर्ने)

(ख) उपचार सुविधाको प्रकार तथा क्षमता : ..... (छुट्टै तालिकामा संलग्न गर्ने)

(ग) उपलब्ध उपकरणहरू : ..... (छुट्टै तालिकामा संलग्न गर्ने)

(घ) उपलब्ध सुरक्षा व्यवस्थाहरू : ..... (छुट्टै तालिकामा संलग्न गर्ने)

(ङ) रसायन/विकिरण सामग्रीको भण्डारणको व्यवस्था : ..... (छुट्टै पानामा संलग्न गर्ने)

३. प्राविधिक कर्मचारी सम्बन्धी विवरण

(क) सङ्गठनबाट मान्यता प्राप्त उपचार विज्ञको नाम/सूचीकृत नम्बर : .....

(ख) प्राविधिक कर्मचारी (अपरेटर) को नाम : .....

(ग) अन्य कर्मचारीको सङ्ख्या तथा योग्यता : .....

(घ) प्राप्त तालिम/प्रमाणपत्रहरू : .....

४. निवेदकको प्रतिबद्धता : म/हामी देहाय बमोजिमका प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सङ्गठनद्वारा जारी गरिएका उपचार निर्देशिका तथा निर्देशनहरूको पालना गर्नेछु/गर्नेछौं।

(ख) रसायन तथा विकिरणयुक्त सामग्रीको प्रयोग तथा उपचारसम्बन्धी सही अभिलेख राख्नेछु/राख्नेछौं।

(ग) सुरक्षा, वातावरणीय तथा व्यवसायिक स्वास्थ्यसम्बन्धी मापदण्डहरू सुनिश्चित गर्नेछु/गर्नेछौं।

(घ) सङ्गठन समक्ष आवधिक प्रतिवेदन पेश गर्नेछु/गर्नेछौं।

(ङ) निषेधित वस्तुहरूमा वा प्रतिबन्धित स्थानमा उपचारसम्बन्धी कार्य गर्नेछैन/गर्ने छैनौं।

(च) प्रचलित कानूनको उल्लङ्घन भएमा हुने कुनै पनि कानूनी कारबाही स्वीकार गर्नेछु/गर्नेछौं।

(छ) निवेदन अस्वीकृत भएमा वा पञ्जीकरण प्रक्रिया सम्पन्न भएपछि कम्पनीविरुद्ध लिइने कुनै पनि कारबाहीका कारण सङ्गठनबाट कुनै किसिमको आर्थिक वा अन्य क्षतिपूर्ति दाबी गर्ने छैन/छैनौं।

निवेदक मुख्य सञ्चालक/प्रोपाइटर/अधिकृत प्रतिनिधिको हस्ताक्षर : .....

पूरा नाम : ..... पद : .....

मिति : ..... संस्थाको छाप : .....

५. संलग्न कागजातहरू (प्रतिलिपि आफैंले प्रमाणित गरी पेस गर्ने)

(क) संस्था दर्ता प्रमाणपत्र,

(ख) कर दर्ता प्रमाणपत्र,

(ग) कम्पनीको मुख्य सञ्चालक/प्रोप्राइटरको नागरिकताको प्रतिलिपि,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) सङ्गठनात्मक संरचना सहित उपचार संस्थाको संक्षिप्त विवरण,

(ङ) सम्बन्धित निकायबाट जारी गरिएको वैधानिक उद्योग/व्यवसाय इजाजतपत्र (लागू हुने भएमा),

(च) सुरक्षा व्यवस्थासहित उपचार कक्ष/सुविधाको नक्शाङ्कन तथा डिजाइन,

(छ) उपचार स्थलको स्वामित्व प्रमाण: जग्गाधनी प्रमाणपत्र वा जग्गा भाडा/लिज करार पत्र,

(ज) आवश्यक परेमा उपचार सुविधा स्थापना तथा सञ्चालनका लागि सम्बन्धित संस्था वा निकायको सिफारिस पत्र,

(झ) मान्यता प्राप्त उपचार विज्ञको उपलब्धताको प्रमाण: करार पत्र, मान्यता प्रमाणपत्र, बायोडाटा, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि तथा नागरिकताको प्रतिलिपि,

(ञ) प्राविधिक कर्मचारी (अपरेटर) को उपलब्धताको प्रमाण: करार पत्र, दक्षता प्रमाणपत्र, बायोडाटा, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि तथा नागरिकताको प्रतिलिपि,

(ट) उपचार विज्ञ तथा प्राविधिक कर्मचारी (अपरेटर) द्वारा पेश गरिएको प्रतिबद्धता पत्र, र

(ठ) उपकरण तथा सुरक्षा सामग्रीहरूको विस्तृत विवरणसहित (परिमाण, मोडेल नम्बर, सिरियल नम्बर, ब्रान्ड, निर्माण कम्पनी, खरिद मिति लागू हुने मापदण्ड (जस्तै आई.एस ओ.) को सूची।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-२

(नियम ६ को उपनियम (४) सँग सम्बन्धित)

पञ्जीकरण प्रमाणपत्रको ढाँचा

नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

राष्ट्रिय बिरुवा संरक्षण सङ्गठन, नेपाल

उपचार कक्ष पञ्जीकरण प्रमाणपत्र

पञ्जीकरण नं. : .....

पञ्जीकरण मिति : .....

यस सङ्गठनको मिति .....को निर्णय अनुसार ..... (संस्थाको नाम र ठेगाना) ले ..... (उपचार कक्ष रहेको ठेगाना) मा स्थापना तथा सञ्चालन गरेको ..... उपचार कक्षलाई ऐन, यस नियमावली तथा उपचार निर्देशिकाको अधीनमा रही बिरुवा, बिरुवाजन्य उपज वा अन्य वस्तुको उपचार (क्वारेन्टाइन प्रिसिपमेन्ट ट्रिटमेण्ट समेत) को कार्य गर्नसक्ने गरी यस सङ्गठनमा पञ्जीकरण गरिएको छ।

उपचार सुविधाको संक्षिप्त विवरण (क्षमता तथा विशिष्टताहरू) : .....

उपचार सुविधा रहने स्थान र कोड : .....(कोड तीन अक्षर वा अङ्कको हुने)

उपचार विज्ञको नाम तथा सूचीकृत नम्बर : .....

प्राविधिक कर्मचारी (अपरेटर) को नाम : .....

थप जानकारी : .....

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(कुनै खास पैठारीकर्ता देशको राष्ट्रिय बिरुवा संरक्षण सङ्गठनले तोकेका अतिरिक्त मापदण्डहरू उपचार कक्षले पूरा गरेको अवस्थामा उक्त विवरण समेत उल्लेख गर्ने)।

सर्तहरू

१. उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने संस्थाले प्रचलित ऐन, यो नियमावली र बिरुवा क्वारेन्टाइन तथा संरक्षण नियमावली, २०६६ तथा उपचार निर्देशिकाको पालना गर्नु पर्नेछ।

२. उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने संस्थाले ऐनबमोजिम सूचीकृत उपचार विज्ञको प्रत्यक्ष निगरानीमा मात्र उपचार कार्य सञ्चालन गर्नु पर्नेछ।

३. उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने संस्थाले उपचारको अद्यावधिक अभिलेख राखी आवश्यकतानुसार सङ्गठन समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

४. उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने संस्थाले पत्राचार गर्दा वा उपचार प्रमाणपत्र जारी गर्दा पञ्जीकरण नम्बर उल्लेख गर्नु पर्नेछ।

५. उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने संस्थाले उपचार गरिएका सामग्रीमा बिरुवा क्वारेन्टाइन तथा संरक्षण नियमावली, २०६६ बमोजिमको चिन्ह (मार्क) अङ्कित गर्नु पर्नेछ।

६. यो प्रमाणपत्र हस्तान्तरण हुने छैन र उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने संस्थाले उपचार कक्ष र आफ्नो कार्यालयमा सर्वसाधारणले सजिलै र स्पष्टसँग देख्ने गरी राख्नु पर्नेछ।

.....

सङ्गठनको प्रमुख

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य : यस प्रमाणपत्रमा पञ्जीकरण नम्बर प्रदान गर्दा उपचार कक्ष स्थापना तथा सञ्चालन गर्ने प्रत्येक संस्थालाई देहायको ढाँचामा एक अद्वितीय (यूनिक) पञ्जीकरण नम्बर प्रदान गरिनेछ।

(जस्तै : NEP-MB-KOS-००१-०८२५, जसमा पहिलो तीन अक्षर (NEP) ले देशको, दोस्रो दुइ अक्षर (MB) ले कुनै बिरुवा स्वस्थतासम्बन्धी उपचार (उदाहरण मिथाइल ब्रोमाइडको संक्षिप्त रूप), तेस्रो तीन अक्षर (KOS) ले प्रदेशको, चौथो तीन अङ्क (००१) ले क्रमसङ्ख्या तथा अन्तिम चार अङ्क (०८२५) मध्ये पहिलो दुई अङ्क (०८) ले पञ्जीकरण जारी भएको महिना र अन्तिम दुई अङ्क (२५) ले पञ्जीकरण जारी भएको वर्ष (इस्वी संवत्) को जानकारी गराउने छन्)।

आज्ञाले,
डा. राजेन्द्र प्रसाद मिश्र
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, नेपाल सरकार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।